२. गाउपालिकाभित्र नागरिकहरुको बढी चहलपहल हुने सार्वजनिक स्थानहरुको पहिचान गरि खानेपानी र सार्वजनिक शौचालयको स्थापना गरिनेछ ।
३. तामाकोशीको सौन्दर्यलाई दिगोपना कायम गर्न जनप्रतिनिधि, कर्मचारी र समुदायको सहकार्यमा महिनाको अन्तिम शनिबार सरसफाई अभियान सञ्चालन गरी सफा स्वच्छ वातावरणको निर्माण गरिनेछ ।
४. "हाम्रो तामाकोशी, सफा तामाकोशी भन्ने अभियानका" साथ फोहोर व्यवस्थापनका लागि गाउपालिका र वडाको समन्वयमा स्थानीय सामाग्रीको प्रयोग गरी फोहोर संकलन कार्यका लागि सार्वजनिक स्थानमा डस्विनको अनिवार्य व्यवस्थापन गरिनेछ ।
५. सार्वजनिक स्थानमा गाउँपालिकाको पहिचान झल्किने होर्डिङ वोर्डको व्यवस्थापन गरिनेछ ।
६. गाउँपालिका तथा वडास्तरीय विपद जोखिम न्यूनिकरणको लागि विपद प्रतिकार्य स्वयंसेवक टोली गठन गरी आवश्यक तालिमको व्यवस्थापन गरिनेछ ।
७. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि विपदका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुसँग सहकार्य गरी खोज तथा उद्धार प्राथमिक उपचार सम्बन्धी तालिम संचालन गरिनेछ ।
८. संघ प्रदेश र स्थानीय तहको सहकार्यमा मनसुजन्य विपद र आगलागिजन्य विपदबाट क्षति भएका घरहरुको पुनर्निमाण तथा मर्मत सम्भारको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
९. भौगर्भिक अध्ययन प्रतिवेदका आधारमा १, २, ४ र ५ वडाका जोखिममा रहेका बस्ती तथा बिस्थापित परिवारलाई संघ, प्रदेश र स्थानीय तहको सहकार्यबाट सुरक्षित स्थानमा वस्ति स्तान्तरण तथा संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।
१०. विपदबाट हुने क्षति न्यूनिकरण तथा राहात उद्धार कार्यको लागि गाउपालिकास्तरको विपद उद्धार तथा राहत सामाग्रीहरु भण्डार केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
११. खोज तथा उद्धार र प्राथमिक उपचार समबन्धि तालिम सहित वडा स्तरीय उद्धार कर्ता टोलि गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।
१२. ढुङ्गा गिट्टि वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक सोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहोनलाई आवश्यक कानुन निर्माण गरि नियन्त्रण गरिनेछ ।
१३. सडक विस्तार तथा निर्माणको क्रममा क्षति भएक ऐतिहासिक चौतारा, ढुङ्गेधारा, कुवा र मठ मन्दिरको स्थानीय समुदायको समन्वय तथा सहकार्यमा संरक्षण र संवर्द्धन कार्यमा जोड दिइनेछ ।

## उद्योग तथा वाणिज्य सम्बन्धी नीति

१. तामाकोशी उद्यमी कोशेली पसल स्थापना गरी तामाकोशी गाउँपालिका भित्र उत्पादित हरेक वस्तुलाई विक्री वितरणमा सहजता ल्याइनेछ ।
२. गाउँपालिकाभित्र उद्योग धन्दा स्थापना एवं व्यवसाय प्रवर्द्धनको लागि लगानीमैत्री वातावरणको लागि पहल गरिनेछ ।
३. लघु उद्यमको प्रवर्धन तथा स्थापना मार्फत उद्यमशीलताको विकास गर्न वित्तिय संघ संस्थाहरुसंग समन्वय गरी सहुलियतपूर्ण ऋणको व्यवस्था मिलाइनेछ ।
४. सीपविकास तालिमलाई निरन्तरता दिइनेछ ।

